नि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० अंक २०१ २०७७ साल फागुन २८ गते शुक्रबार (12 Mar. 2021 Friday) मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- कुनै अभियोगमा कसूरदार ठहर भए पछी मात्र सजाय निर्धारण हुने,
- बालवालिकालाई सजाय निर्धारण गर्दा बालबालिकाको सर्वोत्तम हित समेतलाई विचार गर्नु पर्ने,
- जरिबाना लागेको व्यक्तिले किस्ताबन्दीमा जरिबाना तिर्न सकिने,
- पीडितलाई पुगेको भौतिक, शारीरिक, मानसिक, भावनात्मक क्षतिवापत क्षतिपूर्ति भराई दिनु पर्ने,
- कैदको विकल्पको रुपमा सामुदायिक सेवा, सुधार गृह, पुनर्स्थापना केन्द्र, खुला कारागार, प्यारोल, कैद वापत श्रम सामाजिकीकरण लगायतका उपाय अवलम्बन गर्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : मिर्गौलासम्बन्धी विशेषज्ञ... ३ पृष्ठमा : प्रदेश सरकारद्वारा वार्षिक... ३ पृष्ठमा : अमेरिकी काँग्रेसद्वारा १९...

# गजेन्द्र नारायण सिंह अस्पतालका चिकित्सकबीचको विवाद उत्कर्षमा




गजेन्द्र नारायण सिंह अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. रन्जित झा र सोही अस्पतालका चिकित्सक डा. अजय चौधरीले बिहिबार बेग्लाबेग्लै पत्रकार सम्मेलन गर्दै आरोप प्रत्यारोप लगाउँदै ।

**दैनिक समाचारदाता**
**राजविराज, २७ फागुन ।**

राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालका केही चिकित्सक तथा निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. रन्जित झा लगायतका चिकित्सकहरुको विवाद उत्कर्षम पुगेको छ ।

दुबै पक्षबीच आरोप प्रत्यारोप लगाउँदै असुरक्षित भएको भन्दै प्रदर्शन र पत्रकार सम्मेलन मार्फत एक अर्कामाथीको आरोपहरु सार्वजनिक गर्न थालेका छन् ।

मेसु डा. झा बिरुद्ध बिहीबार सोही अस्पतालका आधा दर्जन चिकित्सक र केही स्वास्थ्यकर्मीहरुले प्रदर्शन गर्दै नाराबाजी गरेका छन् । उनीहरुले प्रहरीमा सुरक्षा माग गर्दै निवेदन समेत दिएका छन् ।

आफूहरुलाई अपमानित गर्ने, उपकरण नभएपनि जबरजस्ती अपरेशन थिएटरमा खटाउने, स्पष्टिकरण सोध्ने र आफ्ना पक्षका मानिस उचालेर आक्रमण समेत गर्न लगाएको उनीहरुको आरोप छ । उनीहरु मध्येका एक डा. अजय चौधरीले आफ्नो क्वाटरमा मानिस पठाएर मेसु झाले बुधबार राती ११ बजेतिर ढुंगामुढा समेत गराएको आरोप लगाएका छन ।

यसैबीच मेसु झाले पनि बिहीबारै पत्रकार सम्मेलन गरि आफूहरुमाथी आरोप लगाउनेहरु अस्पतालको डियुटी छाडेर नजिकैको एक प्राइभेट अस्पतालमा खट्ने गरेको र आफूले कडाई गर्दा उनीहरु बिरोधमा उत्रेको जिकिर गरेका छन् ।

उनले इमरजेन्सी शाखाका इन्चार्ज रहेका डा. चौधरी आफ्नो जिम्मेवारी पूरा नगर्ने र बिना सूचना चार/चार दिनसम्म अस्पताल नआएपछि आफूले स्पष्टिकरण सोधेको भन्दै मेसु झाले यसकै रिसिइबी साध्न उनीहरु विरोधमा उत्रेको आरोप लगाए ।

यता मेसु झाले उनीहरुबाट असुरक्षित भएको तथा आफ्नो क्वाटरमा समेत बुधबार राती साढे ११ बजेतिर बिरोधीहरुले ढुंगामुढा गरेको पत्रकार सम्मेलनमा जानकारी दिए ।

# आगलागीमा पाँच लाखको क्षति

**दैनिक समाचारदाता**
**राजविराज, २७ फागुन ।**

सप्तरीको कञ्चनरुप नगरपालिका १ मा आगलागी हुँदा पाँच लाख बराबरको क्षति भएको छ ।

वडा नं १ वैरवा बस्ने दुखनीदेवी वैधको टिनको छानो भएको फुसको भुई तल्ले घरमा आगलागी हुँदा पाँच लाख बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

खाना पकाइ चुलोमाथि राखेको दाउरामा अचानक आगो सल्किन गई आगलागी हुँदा अन्न, लत्ताकपडा र नगद रु एक लाखसहित दुखनीदेवीको घर पूर्णरुपमा जलेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# ट्रकको ठक्करबाट एकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २७ फागुन ।**

पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको रुपनी गाउँपालिका वडा नं. ६ सडकखण्डमा ट्रकको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ ।

सो ठक्करबाट रुपनी गाउँपालिका वडा नं. ६ बस्ने बर्ष ३५ को प्रदिप कुमार सरदारको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

पुर्ववाट पश्चिम तर्फ आउदै गरेको को.१ ख.७५३७ नम्बरको ट्रकले विपरित दिशाबाट आउदै गरेको स.८प.६५५२ नम्बरको मोटरसाईकललाई बुधबार ठक्कर दिएको थियो । ठक्करबाट मोटरसाईकल चालक सरदारको घट्नास्थलमा नै मृत्यु भएको

***बाँकी अन्तिम पृष्ठमा***

# शिवालयमा भक्तजनको घुइचो



**दैनिक समाचारदाता**
**राजविराज, २७ फागुन ।**

महाशिवरात्रीका अवसरमा बिहीबार शिव मन्दिरहरुमा श्रद्धालु भक्तजनको घुइचो लागेको छ ।

सप्तरीको प्रशिद्ध हरिनन्देश्वर महादेव, शम्भुनाथ, लालेश्वरनाथ, महादेव अंकुरी लगायतका शिवालयहरुमा बिहानैदेखी हजारौंको संख्यामा पूजा र दर्शन गर्न भक्तजन पुगेका छन् ।

यस अवसरमा उक्त मन्दिर परिसरमा भव्य मेलाको आयोजना समेत गरिएको छ । गत वर्ष कोरोनाको जोखिमलाई ध्यानमा राख्दै स्थानिय प्रशासनले मन्दिर क्षेत्रलाई निषेधित क्षेत्र घोषणा गरेको थियो ।

यसपटक स्थानिय प्रशासनले त्यस्तो कुनै आदेश जारि नगरेकाले तथा कोरोनाको जोखिम पनि कम हुँदै गएकाले शिवालयहरुमा भक्तजनको घुइचो लागेको सम्बद्ध मन्दिरका पूजारीहरुले बताएका छन् ।

पूजाकै क्रममा सप्तकोशी, त्रियुगालगायतका जलाशयबाट एका बिहानै जल ल्याएर बोलबम बोलबमको नारा लगाउँदै शिवालयहरुमा जल चढाउने भक्तजनको भिड पनि कम थिएन् ।

दर्शनका लागि आउने दर्शनार्थीका लागि विभिन्न संघसंस्थाले आवश्यक सुविधाको प्रबन्ध मिलाएका थिए । स्वमसेवक र प्रहरीले लाइन व्यवस्थापनमा ध्यान दिएकाले पूजापाठ सहज भएको सीमावर्ती भारतको कुनौली बजारबाट शम्भुनाथ मन्दिर पुगेका ग्रामपंचायत प्रमुख कौशलकुमारले बताए ।



# मिर्गौलासम्बन्धी विशेषज्ञ सेवा छिट्टै शुरु हुन्छ : प्रम

काठमाडौँ, २७ फागुन (रासस) ।
प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालमा मिर्गौलासम्बन्धी विशेषज्ञ सेवा छिट्टै प्रारम्भ हुने बताउनुभएको छ । विश्व मिर्गौला दिवसका अवसरमा बिहीबार यहाँ आयोजित चेतनामूलक प्रभातफेरी कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले छिट्टै त्यस्ता सेवा स्थापना गर्न मिर्गौलाविद् एवं चिकित्साशास्त्र अध्ययन संस्थानका डिन प्रा डा दिव्यासिंह शाहसहितका विज्ञ क्रियाशील रहनुभएको जानकारीसमेत दिनुभयो ।

"मिर्गौलालाई रोगबाट कसरी बचाउन सकिन्छ र रोग लागिहालेमा प्रत्यारोपणसहितको सम्पूर्ण उपचार सेवा स्वदेशमै कसरी उपलब्ध गराउने समेत गरी मुख्य दुई कुरामा ध्यान केन्द्रित गर्नुपर्छ", उहाँले भन्नुभयो । प्रधानमन्त्री ओलीले समेत दुईपटक मिर्गौला प्रत्यारोपण गराइसक्नुभएको छ ।

"हाम्रो खानपिन वा दैनिकीमा मिर्गौलालाई असर पार्ने खानपिन वा व्यवहार के हो ? त्यसबाट कसरी जोगिनेजस्ता कुरालाई ध्यान दिन जरुरी छ", उहाँले भन्नुभयो । उपचार, प्राथमिक परीक्षण, प्रयोगशाला र विशेषज्ञ चिकित्सकका लागि धेरै टाढा जान नपरोस् भन्ने सरकारको ध्येय रहेको जनाउँदै उहाँले मिर्गौला रोग जसलाई पनि हुन सक्ने भएकाले सबै सजग हुनुपर्ने बताउनुभयो ।

पहिलोपटक मिर्गौला प्रत्यारोपण गर्दा स्वदेशमा त्यससम्बन्धी विशेषज्ञ सेवा नभएका कारण आफू विदेश जानुपरेको कुरालाई पनि प्रधानमन्त्रीले स्मरण गराउनुभयो । "केही मानिसले मलाई बाहिर गएर उपचार गरायो भने तर म रहरले वा बाहिर पैसा बुझाउनका लागि गएको थिइन, यहाँ सुविधा नहुँदा गएको थिएँ", उहाँको भनाइ थियो ।

मिर्गौला रोगजस्तो जटिलताबाट बच्न स्वस्थ्य जीवनयापनका लागि आग्रह गर्दै प्रधानमन्त्रीले यसबारेका प्रचारलाई अझ थप व्यापक बनाउनुपर्नेमा जोड दिनुभयो । प्रधानमन्त्री ओली सम्बोधनपछिको प्रभातफेरीमा पनि सहभागी हुनुभएको थियो । वसन्तपुरबाट शुरु भएको प्रभातफेरी रत्नपार्क, असन, इन्द्रचोक हुँदै वसन्तपुरमा पुगेको थियो ।

वरिष्ठ मिर्गौला रोगविशेषज्ञ डा ऋषिकुमार काफ्ले वर्षेनी नेपालमा तीन हजार व्यक्तिको मिर्गौला बिग्रने गरेको बताउनुहुन्छ । उहाँले जीवनशैली, खानपान ख्याल नगर्दा मानिसको मिर्गौला बिग्रने गरेको बताउनुभयो । अस्वस्थकर जीवनशैली, पानीको कमी, मानसिक तनाव, मिर्गौलाको नियमित स्वास्थ्य जाँच नराउनुजस्ता कारणले मिर्गौला रोग लाग्ने गर्छ ।

उहाँका अनुसार मिर्गौला रोगबाट बचाउनका लागि मानिसमा जनचेतना जगाउन आवश्यक छ । "बिग्रँदो जीवनशैली र खानपान सन्तुलन नराख्दा मानिसको मिर्गौला बिग्रने गरेको छ", उहाँले भन्नुभयो, "उपचारभन्दा पनि मिर्गौला बिग्रन नदिनका लागि मानिसलाई जनचेतना जगाउन आवश्यक छ ।"

विश्वको जनसङ्ख्यामध्ये १० प्रतिशत मानिसलाई मिर्गौला रोग लाग्छ । मिर्गौला बिग्रिएपछि प्रत्यारोपण र रक्तशुद्धीकरण दुई मात्र विकल्प हुन्छ । नेपालमा मिर्गौला प्रत्यारोपण वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल, भक्तपुरस्थित मानव अङ्ग प्रत्यारोपण केन्द्र, ग्राण्डी अन्तरराष्ट्रिय अस्पताल, सुमेरु अस्पताल र निदान अस्पतालमा गरिन्छ ।

सरकारले मिर्गौला प्रत्यारोपण र रक्तशुद्धीकरणको निःशुल्क व्यवस्था गरेको छ । डा काफ्लेका वर्षेनी पाँच हजारले डायलासिस र दुई हजार ५०० जनाले मिर्गौला प्रत्यारोपण गर्ने गरेका छन् । 'मिर्गौला रोगका साथमा स्वस्थ्य जीवन'को नारासहित बिहीबार नेपालसहित विश्वभर मिर्गौला दिवस मनाइँदैछ ।

## सम्पादकीय

### विद्यतु नियमित गर्नेतर्फ ध्यान पुगोस्

नेपाल जलश्रोतको धनी देश हो । तर, जलश्रोतको उचित व्यवस्थापन र प्रयोग हुन नसक्दा यहाँका नदी नालाहरुको पानी प्रयोगबिहीन भएको छ । ती पानीबाट विद्युत निकाल्न सकिन्छ । तर नेपालमा विद्युत भारतबाट खरीद गर्नु पर्ने अवस्था रहेको छ । यस अवस्थामा नेपालमा विद्यतुको आपूर्तीको अवस्था भने खासै राम्रो छैन् ।

विगतका केही वर्षसम्म विद्युतको अवस्था अत्यन्त राम्रो थियो । उपभोक्ताले २४ औं घण्टा बत्ति बाल्न र अन्य काम गर्न सक्थे । तर अहिले पुनः विद्यतु छिन छिनमै काटिने तथा अवरोध हुने गरेको अवस्था आएको छ । भारतबाट आउने सम्पूर्ण विद्युतलाई अहिले राष्ट्रिय लाइनमा जोडिएको छ । जसकारण नेपालको सबै जिल्लामा सोही लाइनबाट विद्युत बितरण गर्ने गरिन्छ । हालैमात्र नेपालकै ठूलो सबस्टेशन केन्द्र ढक्लेबरको प्रधानमन्त्रीद्वारा उद्घाटन गरिएको छ । सो उद्घाटनपछि नेपालमा विद्युतको सुविधा सुध्रिने विश्वास लिइएको थियो । सो प्रति जनताको विश्वास पनि कागमै सीमित भएको छ ।

विद्यतु नियमित सूचारु गर्नेतर्फ नेपाल विद्यतु प्राधिकरणले गर्ने गरेको प्रयास सह्रानिय छ तर, यसलाई पूर्ण रुपले कार्यान्वयन गर्ने पक्ष फितलो रहेकाले यसप्रति ध्यान पुग्नु आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजबिराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना :**१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**

# प्रदेश सरकारद्वारा वार्षिक प्रगति विवरण सार्वजनिक

सर्लाही, २७ फागुन (रासस)।

आर्थिक वर्ष २०७५/०७६ देखि हालसम्म प्रदेशसभा निर्वाचन क्षेत्रमा ३५६ किलोमिटर पक्की सडकको निर्माण कार्य सम्पन्न गरेको प्रदेश नं २ को भौतिक पूर्वाधार विकास मन्त्रालयले जनाएको छ। भौतिक पूर्वाधार विकास मन्त्रालयद्वारा सार्वजनिक गरिएको वार्षिक प्रगति विवरणमा प्रदेश नं २ को भौतिक पूर्वाधार विकास मन्त्रालयले सो जानकारी गराएको हो।

प्रदेशमा कालोपत्र सडक ५०.९५ किलोमिटर, पक्की सडक ढलान ७४.९० किलोमिटर र ग्राभेल सडक १७०.१७ किलोमिटर निर्माण सम्पन्न भएको मन्त्रालयले जनाएको छ। सोही क्रममा ३० वटा पुल निर्माणको क्रममा रहेको, ५.५४ किलोमिटर नाला, १४ वटा कल्भर्ट र ५९.८१ किलोमिटर नयाँ कच्ची सडकको निर्माण कार्य सम्पन्न भएको मन्त्रालयले सार्वजनिक गरेको विवरणमा उल्लेख छ। नीति तथा कार्यक्रममा रहेका १० वटा झोलुङ्गे पुलमध्ये तीनवटा झोलुङ्गेको निर्माण कार्य सम्पन्न भएको प्रदेश नं २ को भौतिक पूर्वाधार विकासमन्त्री जीतेन्द्र सोनलले बताउनुभयो।

सिँचाइतर्फ १६५ वटा नहर प्रणालीको मर्मतसम्भार गरी पानी सञ्चालन गरिएको र प्रदेशका आठवटै जिल्लामा दुई क्लस्टर सिँचाइअन्तर्गत पावर ड्रिल टच्युबवेल निर्माणबाट प्रदेशको १६ हजार हेक्टर खेतीयोग्य जमीनमा सिँचाइ सुविधा प्रदान गरिने योजनाको शुरूआत गरिएको मन्त्री सोनलले बताउनुभयो। सो अवधिमा २४० वटा डिप टच्युबवेल तथा ३३ वटा पावर ड्रिल टच्युबवेल निर्माण, प्रदेशको करिब पाँच हजार ४३० हेक्टर थप जग्गाको सिञ्चित क्षेत्रफलमा वृद्धि भएको बताइएको छ। नदी कटान र डुबानबाट एक हजार ५०० हेक्टर खेतीयोग्य जग्गा संरक्षण र २० वटा जोखिमयुक्त बस्तीलाई संरक्षण गरिएको छ। खानेपानीतर्फ २० वटा नयाँ खानेपानी योजनाको शुरूआत भएको छ भने ६५ किलोमिटर पाइपलाइन विस्तार गरिएको छ। यस अवधिमा २६ धर्मशाला, नौ दलित छात्रावास र आठवटा ज्येष्ठ नागरिक आवास निर्माण सम्पन्न भएको मन्त्रालयले बताएको छ।

मन्त्री सोनलका अनुसार जनता आवासतर्फ करिब चार हजार ६५९ घर निर्माणको सम्झौता भएकामा हालसम्म करिब दुई हजार १०१ घर निर्माण भई हस्तान्तरण भइसकेको छ। प्रदेश परिवहन सञ्चालन गरिने प्रदेश नं २ सरकारद्वारा फागुन महिनाभित्रै प्रदेश परिवहन सञ्चालन गर्ने गृहकार्य भइरहेको मन्त्री सोनलले बताउनुभयो।

प्रदेश परिवहन सञ्चालनका लागि प्रदेश सरकारले रु तीन करोड नौ लाख ८२ हजारमा पाँच वटा बस खरिद गरिसकेको छ। मन्त्री सोनलले प्रदेश परिवहन सञ्चालन सन्दर्भमा कार्यविधि निर्माण कार्य अन्तिम चरणमा पुगेको बताउनुभयो। उहाँले परिवहन सञ्चालक समिति गठन भइसकेपछि समितिले परिवहन सेवाको भाडादर निर्धारण गर्ने बताउँदै सरल, सुलभ, सुरक्षित र व्यवस्थितरूपमा सञ्चालन गर्ने कुरामा प्रदेश सरकारले ध्यान दिने बताउनुभएको छ।

## जनावरबाट पीडितलाई रु ३९ लाख राहत

इनरुवा, २७ फागुन (रासस)।

कोशी टप्पु वन्यजन्तु आरक्ष कार्यालय पश्चिम कुशाहा सुनसरीले जङ्गली जनावरबाट पीडित भएकालाई रु ३९ लाख भन्दा बढी क्षतिपुर्तिबापत रकम दिएको छ। आरक्ष कार्यालयले चालु आर्थिक वर्षको अहिलेसम्ममा आरक्षबाट निस्केका जङ्गली जनावरबाट पीडित भएकालाई रु ३९ लाख नौ हजार ७११ क्षतिपुर्तिबापत रकम प्रदान गरेको आरक्षका संरक्षण अधिकृत अशोक रामले जानकारी दिनुभयो।

आरक्षको कार्यालयले जङ्गली जनावरको आक्रमणबाट मृत्यु भएका दुई जनाको परिवारलाई रु १०/१० लाख गरेर जम्मा रु २० लाख, घाइते भएका सात परिवारलाई रु तीनलाख ५३ हजार ७११, बालीनाली नष्ट भएका २११ परिवारलाई रु नौ लाख ९३ हजार पाँच सय, घरगोठ क्षती गरेका ७९ परिवारलाई रु चार लाख १८ हजार पाँच सय र भण्डारण गरेको अन्नपात क्षती भएबापत रु एक लाख ४४ हजार दिइएको संरक्षण अधिकृत रामले बताउनुभयो।

## स्रोत नखुलेको रकमसहित घिमिरे पक्राउ

भक्तपुर, २७ फागुन (रासस)।

भक्तपुर प्रहरीले स्रोत नखुलेको रु ४२ लाखसहित एक जनालाई बिहीबार पक्राउ गरेको छ। महानगरीय प्रहरी वृत्त थिमिको टोलीले मध्यपुरथिमि-३ कौशल्टारस्थित अरनिको राजमार्गमा सडकमा जाँचको क्रममा दोलखा घर भई हाल सूर्यविनायक नगरपालिका-३ बालकोट रोज भिलेज बस्ने सुमन घिमिरेको साथबाट रकम बरामद गरेको प्रहरीले जानकारी दिएको छ।

महानगरीय प्रहरी वृत्त थिमिका अनुसार जाँचका क्रममा गाडीमा आइरहेका घिमिरेको साथबाट रु २७ लाख र निजको कोठा खानतलासी गर्दा थप रु १५ लाख बरामद भएको हो।

प्रहरीले उक्त रकमको स्रोत खोज्दा बताउन नसकेपछि नियन्त्रणमा लिएर अनुसन्धान शुरु गरेको जनाएको छ। प्रारम्भिक अनुसन्धानको क्रममा घिमिरेले उक्त रकम जुवातास खेलेर जितेको हुनसक्ने बताएको छ।

## प्रमसँगको छलफल सकारात्मक : जसपा

काठमाडौँ, २७ फागुन (रासस)।

जनता समाजवादी पार्टी (जसपा)ले प्रधानमन्त्री केपी शर्मा ओलीसँग बिहीबार भएको छलफल सकारात्मक रहेको प्रतिक्रिया दिएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा बिहीबार प्रधानमन्त्री ओली र जसपाका शीर्ष नेताबीच छलफल भएको हो। बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै जसपा नेता लक्ष्मणलाल कर्णले बिहीबारको छलफल सकारात्मक दिशामा केन्द्रित रहेको र आइतबार कार्यदल तहमा थप विचार विमर्श हुने जानकारी दिनुभयो।

जसपाले कैदीबन्दीको रिहाइ, मुद्दा फिर्ता एवं संविधान संशोधनको माग राख्दै आएको छ। बिहीबारको छलफलमा प्रधानमन्त्रीले ती मागका विषयमा आफू सकारात्मक रहेको बताउनुभएको नेता कर्णको भनाइ छ। कार्यदलस्तरमा थप छलफल गर्ने गरी बिहीबारको बैठक सकिएको हो।

जसपासँग छलफलका लागि नेकपा (एमाले)का तर्फबाट नेताहरु सुवास नेम्वाङ, विष्णुप्रसाद पौडेल र राजन भट्टराई सम्मिलित कार्यदल गठन गरिएको छ। यस्तै जसपाका तर्फबाट नेताहरु सर्वेन्द्रनाथ शुक्ल र कर्ण सम्मिलित कार्यदल गठन भएको छ।

सो कार्यदलमा केही नेताहरु थप गर्ने तयारी छ। प्रधानमन्त्रीसँगको छलफलका लागि अध्यक्ष महन्थ ठाकुर र उपेन्द्र यादव तथा नेताहरु राजेन्द्र महतो र अशोक राई प्रधानमन्त्री निवास बालुवाटार पुग्नुभएको थियो।


कोभिड-१९ रोग विरुद्धको खोप अभियान- २०७७/७८



"स्वास्थ्य, समृद्धि र सुरक्षा, कोभिड-१९ खोपले गर्छ रक्षा"

यही मिति २०७७।११।२३ गते देखि २९ गते सम्म कोभिड १९ रोग विरुद्ध खोप अभियानमा ६५ बर्ष माथिका सम्पूर्ण जेष्ठ नागरिकहरुले आ-आफनो वाड अन्तरगतको स्वास्थ्य संस्थाको खोप केन्द्रमा गइ तपशिल अनुसारको मिति र स्थानमा खोप लगाउन हुन सबैमा हार्दिक अपिल गर्दछु।

तपसिल-

**पहिलो चरण २०७७।११।२३ र २४ गते**

शम्भुनाथ, खडक, सुरुगा, बोदेवर्साइन, डाक्नेश्वरी न.पा. र छिन्नमस्ता, राजगढ, विष्णुपुर, बलानविहुल गा.पा.।

**दोश्रो चरण २०७७।११।२८ र २९ गते**

राजविराज, हनुमाननगर कंकालिनी नगरपालिका, सप्तकोशि, कंचनरुप न.पा. र रुपनी, अग्नीसाइर कृ., तिरहुत, महादेवा, तिलाठी कोइलडी गा.पा.।

आयोजक

सामाजिक विकास मन्त्रालय

स्वास्थ्य कार्यालय सप्तरी

खोप नि:शुल्क पाइन्छ | खोप सुरक्षित हुन्छ | खोपले जिवन रक्षा गर्छ


## विश्व समाचार

### अमेरिकी काँग्रेसद्वारा १९ खर्ब डलरको राहत प्याकेज स्वीकृत

वासिङ्टन, २७ फागुन (रासस/एपी)।

अमेरिकी राष्ट्रपति जो बाइडेनले अघि सार्नु भएको १९ खर्ब डलरको कोभिड-१९ राहत प्याकेजलाई अमेरिकी तल्लो सदन हाउस अफ रिप्रिजेन्टेटिभ्स (कङ्ग्रेस)ले अनुमोदन गरेको छ।

राष्ट्रपति बाइडेन र डेमोक्रेटिक पार्टीले राहत प्याकेज अनुमोदन भएको विषयलाई आफ्नो महत्वपूर्ण विजय मानेका छन्।

बाइडेन ह्वाइट हाउसमा प्रवेश गरेको करिब सात हप्तापछि कङ्ग्रेसबाट उक्त विधेयक पारित भएको छ तर कङ्ग्रेसमा भएको मतदानमा २२०-२११ मत खसेको थियो। अर्थात् कङ्ग्रेसमा बहुमतमा रहेका डेमोक्रेट सदस्यले विधेयकको पक्षमा मतदान गरेका भए पनि रिपब्लीकन पार्टीले विपक्षमा मतदान गरेको थियो।

यो विधेयकलाई अमेरिकी माथिल्लो सदनले चार दिन अघि बहुमतका आधारमा पारित गरिसकेको छ। अमेरिकी श्रमिकको प्रतिघण्टा पारिश्रमिक १५ डलर पुर्‍याउने प्रस्तावलाई विधेयकबाट हटाइए पनि सिनेटमा रिपब्लीकन पार्टीका सदस्यले विधेयकको विपक्षमा मतदान गरेका थिए।

कङ्ग्रेसले विधेयक पारित गरेसँगै राष्ट्रपति बाइडेनले ट्वीट गर्दै कङ्ग्रेसलाई धन्यवाद दिनुभएको थियो। उहाँले विधेयकमा यही शुक्रबार हस्ताक्षर गरेसँगै राहत प्याकेज कार्यान्वयनमा आउने छ।

प्रस्तावित विधेयकमा निकै महत्वपूर्ण मानिएको विषय हो अधिकांश अमेरिकी नागरिकलाई एक हजार ४०० डलर उपलब्ध गराउने। यसबाहेक हरेक साता ३०० डलर आपतकालीन बेरोजगार भत्ता आगामी सेप्टेम्बरसम्म उपलब्ध हुनेछ। तर यो विधेयकले त्यतिमात्र कुरा समेटेको छैन।

यो विधेयकले डेमोक्रेटले चुनावमा व्यक्त गरेका प्रतिज्ञा र बाइडेनको सर्वाधिक प्राथमिकतामा मुलुकको अर्थतन्त्रको पुनरुद्धार दुबै समेटेको छ। अमेरिकामा कोरोनाभाइरस महामारीले सिर्जना गरेको मानवीय क्षति र आर्थिक क्षति निकै कहालीलाग्दो अवस्थामा पुगिसकेको बाइडेनको ठहर छ। यसलाई सम्बोधन गर्न प्रभावकारी कदम जरुरी भइसकेको बाइडेनले बताउँदै आउनु भएको छ।

संयुक्तराज्य अमेरिकामा कोभिड-१९ को सङ्क्रमणबाट पाँच लाख २५ हजारभन्दा बढी व्यक्तिको मृत्यु भइसकेको छ।

अमेरिकी कङ्ग्रेसकी सभामुख नान्सी पेलोसीले पनि कोरोनाभाइरस महामारीका कारण देशका सामुन्ने उत्पन्न समस्या सम्बोधन गर्न सरकार र संसद् एकै ठाउँमा आएकामा आभार व्यक्त गर्नुभयो।

बाइडेन प्रशासनले अघिसारेको १९ खर्ब डलरको राहत योजनाले कोभिड-१९ सँग सम्बन्धित कार्यक्रममा खर्च गर्ने, सङ्कटमा परेका परिवारलाई राहत दिने, रोजगारी जोगाउने र नयाँ रोजगार सिर्जना गर्ने विश्वास लिएको छ।

देशको ऋणभार २२ ट्रिलियन डलर पुगे पनि डेमोक्रेट र रिपब्लीकन पार्टीले यसप्रति खासै वास्ता गरेका छैनन्।

करिब ६२८ पृष्ठ लामो यो विधेयकले खासगरी न्यून र मध्यम आय भएका परिवारलाई राहत उपलब्ध गराउन सङ्घीय सरकारको प्रयत्न समेटेको छ। बालबच्चा, बालस्याहार र पारिवारिक विदा बस्दा करछुट दिने समयावधि अहिले बढाइएको छ, र कतिपय डेमोक्रेट सदस्य यो व्यवस्थालाई स्थायीरुपमै उपलब्ध गराउन प्रयासरत छन्।

प्रत्यक्ष भुक्तानी र बेरोजगार भत्ताका अलावा यस विधेयकले कोभिड-१९ को खोप र उपचार, स्कुल, राज्य र स्थानीय सरकार तथा विमानसेवादेखि कन्सर्ट हलसम्मका सङ्कटग्रस्त उद्योग, व्यवसायका लागि अर्बौं डलरको व्यवस्था गरिएको छ। साथै किसानलाई राहत, निवृत्तीभरण प्रणाली र विद्यार्थी ऋण तथा स्वास्थ्य बीमा खरिद गर्नेका लागि अनुदान तथा थोरै आर्जन गर्नेका लागि मेडिकेड खरिद गर्न राज्यलाई रकम उपलब्ध गराउने प्रावधान नयाँ विधेयकमा छ।

यी निकै राम्रा प्रावधान प्रस्तावित राहत प्याकेजमा समेटिए पनि रिपब्लीकनहरु त्यति खुशी छैनन्। उनीहरुको भनाइमा अतिरिक्त खर्चले राष्ट्रमाथि अतिरिक्त बोझ सिर्जना गर्नेछ।

यद्यपी राष्ट्रव्यापी जनमत सर्वेक्षणले बाइडेनको राहत प्याकेजलाई डेमोक्रेट र स्वतन्त्र व्यक्तिसहित कैयौं रिपब्लीकनले समर्थन गरेको देखाएको छ।

### महाशिवरात्रिको रौनक: गङ्गामा लाखौँले गरे "शाही स्नान"

नयाँदिल्ली, २७ फागुन (रासस/एएनआई)।

हिन्दु धर्मावलम्बीहरुको महान पर्व महाशिवरात्रिका अवसरमा बिहीबार भारतको उत्तराखण्डको हरिद्वारस्थित हर की पौरी घाटमा लाखौं श्रद्धालुले स्नान गरेका छन्।

यस "शाही स्नान"लाई व्यवस्थित तुल्याउन कडा सुरक्षा व्यवस्था गरिएको स्थानीय अधिकारीले बताएका छन्। हरिद्वार कुम्भमेला प्रशासनका अधिकारीले यहाँ पाँच हजारभन्दा बढी सुरक्षाकर्मी, सयौं सिसिटिभी र ड्रोनको व्यवस्था गरिएको जानकारी दिएका छन्।

सन् २०२१ को कुम्भ मेलाको यो पहिलो शाही स्नान हो। प्रमुख कार्यक्रमको कार्यसूचीअनुसार, यस वर्ष हरिद्वारमा चार पटक "शाही स्नान" र नौ पटक "गङ्गा स्नान" हुनेछ।

हरिद्वारको कुम्भमेलाको व्यवस्थापनमा खटिएका प्रहरी महानिरीक्षक सन्जय गुन्ज्यालले दिउँसोसम्ममा २२ लाख श्रद्धालुले स्नान गरिसकेको जानकारी दिनुभएको छ।

उत्तराखण्डका नवनियुक्त मुख्यमन्त्री तिरथ सिंह रावतले महाशिवरात्रिमा सहभागी हुने श्रद्धालुको स्वागतका लागि हेलिकप्टरबाट पुष्पवृष्टि गर्न स्थानीय प्रशासनलाई निर्देशन दिनु भएको थियो।

कोरोनाभाइरस महामारीका कारण हरिद्वारमा यस वर्ष कुम्भमेला आगामी अप्रिल १ देखि अप्रिल ३० सम्म एक महिना गर्नेगरी तय भएको छ। महाशिवरात्रिको स्नानलाई पनि कुम्भमेलाकै एक भागका रुपमा लिइएको छ। महाशिवरात्रिलाई हिन्दुहरुले शिवालयहरुमा पूजापाठ र स्नान गरी निकै महत्वका साथ मनाउने गर्दछन्।

# दलित जनजागरण अभियान सञ्चालन हुने




**दैनिक समाचारदाता**
**राजविराज, २७ फागुन ।**

अखिल मधेशी दलित अभियान सप्तरीले दलित जनजागरण अभियान सञ्चालन गर्ने भएको छ ।

विहिबार भारदहमा आयोजित पत्रकार सम्मेलन मार्फत अखिल मधेशी दलित अभियान सप्तरीका संयोजक देवलाल खंगले दस्तावेज सार्वजनीकिकरण कार्यक्रममा सो कुरा बताएका हुन् ।

मधेशी दलितहरुको वर्तमान समयमा शोषण, उत्पीडन, दमन तथा राजनैतिक बहिष्करणको सिकार हुदै आएकोले संवैदनशील अवस्थालाई चिरफार गर्न र मधेशी दलितहरुको अधिकार प्रप्तिको निम्ति निरन्तर शान्तिपूर्ण युद्ध मैदानमा सहभागी गराउन अखिल मधेशी दलित जनजागरण अभियानको शुरुवात गर्ने संयोजक खंगले बताए ।

पत्रकार सम्मेलनमा संयोजक खंगले संगठनले अखिल मधेसी दलित (जन जागरण) सभा भनिने राजनीतिक, सामाजिक, आर्थिक,सांस्कृतिक आकांक्षा पूरा गर्ने परिकल्पना गरेका बताए ।

उक्त पत्रकार सम्मेलनमा राज्यको हरेक अंगमा मधेसी दलितको लागि राजनीतिक सहभागिता जनसंख्याको आधारमा सुनिश्चित गर्ने र रोटी, लुगाफाटा र आवाश मधेशी दलितहरूको लागि उपलब्ध गराउपर्ने भन्दै २१ बुदैं माग प्रस्तुत गरेको थियो ।

उक्त पत्रकार सम्मेलनमा अभियानका सदस्यद्बय निरज कुमार रजक र मधु कुमारी मण्डल समेतको उपस्थिती रहेका थिए ।

# महाशिबरात्रीको अवसरमा मुर्ति स्थापनासँगै शिवमन्दिर उद्घाटन



**दैनिक समाचारदाता**
**राजविराज, २७ फागुन ।**

सप्तरीको बोदेबर्साइन नगरपालिका ५ जाँजरमा महाशिवरात्रीको अवसरमा बिहीवार मूर्ति स्थापनासँगै शिब मन्दिरको उद्घाटन गरिएको छ ।

स्थानीयहरूको सक्रियतामा निर्माण गरिएको मन्दिरको प्रदेशसभा सदस्य अभिषेक यादवले उद्घाटन गरे भने भुतनाथ बाबाले मन्दिरमा शिब, पार्वती, गणेश लगायतको मुर्ति स्थापना गरिएको छ ।

प्रदेशसभा सदस्यद्वय अभिषेक यादव र रुबी कर्णको संसदीय कोषको आर्थिक सहयोग तथा स्थानीयहरूले चन्दा संकलन गरी मन्दिर निर्माण गरिएको स्थानीय युवा विध्या यादवले जानकारी दिएका छन् ।

बोदे बर्साइन नगरपालिकाका उपप्रमुख रञ्जु कुमारी साहको अध्यक्षतामा आयोजित मन्दिर उद्घाटन तथा मुर्ति स्थापनाको अवसरमा जनप्रतिनिधि, सुरक्षा निकायका प्रमुख लगायत स्थानीय भक्तजनको उल्लेख्य सहभागिता रहेको थियो ।

महाशिबरात्रीको अवसरमा उद्घाटन गरिएको मन्दिर परिसरमा बिहीबारैदेखि २४ घण्टे अष्टयाम शुरू भएको स्थानियले बताएका छन् ।

## ट्रकको ठक्करबाट...

प्रहरीले जनाएको छ ।

प्रहरीले ट्रक चालक मोरङ बेलबारी नगरपालिका ३ बस्ने २५ वर्षिय निमा तामाङ र ट्रकलाई नियन्त्रणमा थप अनुसन्धान गरिरहेको जनाएको छ ।


**राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा**

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस् ।

**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**


## सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर ११११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money

रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*